नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १५ २०७९ साल साउन १८ गते बुधबार (3 Aug 2022 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : ऊर्जामन्त्रीकै फाइल आठ.. ३ पृष्ठमा : किसानलाइ छिटो मल उपलब्ध... ३ पृष्ठमा : अल कायदाका नेता जवाहिरी ...

# नागरिकता बिना छट्पटाइरहेकाहरुको बास्तविक पीडा समेट्दै नाटकमार्फत चोटिलो प्रस्तुती



सरिता फाउन्डेशन र आसमान नेपालद्वारा संयुक्त रुपमा मंगलबार राजविराजमा आयोजना गरिएको “ढकियामे नागरिकता” नामक नाटकको दृश्य ।
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

तीन पुस्ता सुकुम्वासी भएर मधेशमै बिताइसकेका व्यक्तिको नागरिकता नहुँदा उनीहरुको बालबच्चाहरु उच्च शिक्षा हासिल गर्न तथा जागिर पाउनबाट बञ्चित हुनुपरेको बास्तविक पीडालाई नाटकमार्फत प्रस्तुत गरिएको छ ।

निकै भाभुक तथा सन्देशमूलक नाटकमा एक सुकुम्वासी परिवार विगत तीन पुस्तादेखी मधेशमै नागरिकता बिना बसोवास गरिरहेको तथा छोरा नागरिकता नभएका कारण उच्च शिक्षा हासिल गर्न र छोरी जागिर पाउनबाट बञ्चित भएको दृश्य निकै मार्मिक ढंगले प्रस्तुत गरिएको छ । पढाईमा अब्बल रहेका छोरा चिकित्सा शास्त्र पढ्न नागरिकता नभएकै कारण बञ्चित भएपछि अन्तमा आत्महत्या गर्नुपरेको दृश्यले नाटक हेर्न आएका दर्शकहरुको आँखा रसाएका थिए ।

**“पढाईमा अब्बल रहेका छोरा चिकित्सा शास्त्र पढ्न नागरिकता नभएकै कारण बञ्चित भएपछि अन्तमा आत्महत्या गर्नुपरेको दृश्यले नाटक हेर्न आएका दर्शकहरुको आँखा रसाएका थिए ।”**

नागरिकता नहुँदा शिक्षण संस्थामा भर्ना लिन, बैंकमा खाता खोल्न, जग्गाजमिन खरीद गर्न, मोबाइलको सिमकार्ड लिन, जागिरका लागि आवेदन दिन, जन्म दर्ता, विवहा दर्ता गराउन, सामाजिक सुरक्षा भत्ता लिन लगायतका विभिन्न समस्याले छटपटाइरहेका नागरिकता विहीनको पीडा बढो मार्मिक ढंगले अभिनयमार्फत प्रस्तुत गरिएको छ ।

“ढकियामे नागरिकता” नामक नाटकले दशकौंदेखी अल्भिएको नागरिकता समस्यालाई निकै मार्मिक ढंगले तराई मधेशमा ढकियामै राखेर नागरिकता तरकारी जस्तै खरीद बिक्रि हुन्छ भन्ने प्रचारबाजीलाई चोटिलो प्रहार समेत गरेको छ ।

स्थानिय जिल्ला समन्वय समितिको सभाकक्षमा मंगलबार सरिता फाउन्डेशन र आसमान नेपालद्वारा संयुक्त रुपमा आयोजना गरिएको सो नाटकका कलाकारहरुले कला प्रस्तुतीमार्फत त्यस्ता प्रचारबाजीमाथी चोटिलो प्रहार गरेका हुन् ।

उनीहरुले नागरिकताको विषयमा भोटको राजनीति गर्ने नेता र नागरिकता बनाउने टोलीमा गाउँ गाउँमा खटिने कर्मचारीले सोझासाँझा जनतासँग गर्ने व्यबहारप्रति पनि नाट्यकला मार्फत प्रहार गरेका छन् ।

झण्डै एक घण्टाको नाटकमा नाट्यकर्मी सरिता साह, अनिल कुर्मी, राजशर्मा पंगेनी, सुजिता साह, रमिता यादव, सोमनाथ खनाल, सुदिपजंग कार्की, संजय

*बाँकी दुई पृष्ठमा*

# संक्रमित बढ्दै ८ सय १४ संक्रमित थपिए

**दैनिक समाचारदाता**
**काठमाडौँ, १७ साउन ।**

विगत एक सातादेखी नेपालमा कोरोना भाइरस संक्रमितहरुको संख्या बढ्दै गएको छ । मंगलबार मात्र मुलुकभर ८ सय १४ संक्रमित थपिएका छन् ।

ती संक्रमितहरु थपिएसँगै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या पाँच हजार नाघेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या पाँच हजार १ सय ४४ पुगेको छ ।

मंगलबार पाँच हजार ४ सय १५ नमूनाको परीक्षण गर्दा ८ सय १४ संक्रमित फेला परेका छन् । दुई हजार ७ सय ६२ नमूनाको आरटी पिसिआर परीक्षण गर्दा ५ सय ९ र दुई हजार ६ सय ५३ नमूनाको एन्टीजेन परीक्षण गर्दा ३ सय ५ जनामा संक्रमण पुष्टि भएको हो ।

हालसम्म नेपालमा नौ लाख ७ सय ३७ मा कोरोना संक्रमण पुष्टि भएको छ । हालसम्म नौ लाख ७० हजार ६ सय २५ संक्रमणमुक्त भएका छन् भने ११ हजार ९ सय ६८ को मृत्यु भएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १४ वर्ष देखी संचालन हुदै आएको**

**ओभरसियरी क्याम्पस**

**( CTEVT बाट मान्यता प्राप्त )**

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ श्रावण २६ गते सम्म ।

सम्पर्क :

**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६
प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय ....

### खोला नदीको मर्मत र सफाई नहुँदा वर्षामा ठूलो क्षति व्यहोर्नु पर्ने बाध्यता

सप्तरी जिल्ला जहिले पनि बाढीको उच्च जोखिममै रहने जिल्ला मध्ये एक हो । वर्षायाममा जिल्लास्थित विभिन्न नदी, खोलामा पानीको उच्च बहाव बढेपछि मानव बस्तीमा पानी पस्नाले डुवानमा पर्ने गर्दछ । खोला, नादीमा उच्च पानीको बहाव हुने मुख्य कारण हो मर्मत सम्भार र सरसफाई । सरकारले नदीबाट बालुवा निकाल्न प्रतिबन्ध लगाएपछि खोला, नदीमा बालुवा थुप्रिदै जाँदा बहाव क्षेत्र साँघुरो हुँदै गएको छ । नदीमा बालुवा, गिटी भरिएपछि आफ्नो मुल प्रभाव क्षेत्रलाई छोडेर अन्य स्थानबाट पानीको बहावले बाटो बनाउँदा नदी फुट्ने गरेको देखिएको छ । हरेक वर्ष सप्तरीमा बाढीले ठूलै क्षति पुऱ्याइरहेको सत्यलाई नकार्न मिल्दैन् तर, क्षति पुऱ्याउने कारण बारे कसैले केलाउन सकेका छैनन् ।

जिल्लाको खाडो नदी त्यस्तो नदी हो जसबाट सामान्य वर्षामा पनि बाढी आउने सम्भावना रहन्छ । यो नदी नियन्त्रण, मर्मत, सरसफाईका लागि लामो समयदेखी प्रयास भइरहेको छ । तर, हालसम्म पनि यस प्रयास सफल हुन सकेको छैन् । हरेक वर्ष बजेट निकासा हुन्छ, तर पुरानै कामलाई कागजी प्रक्रिया अपनाएर रकम हजम हुने गरेको छ । जिल्लाको रुपनी गाउँपालिका हुँदै राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिकासम्म खाँडो नदीको बग्ने गर्दछ र पछि तिलाठीबाट भारततर्फ सो नदीको धार परिवर्तन हुन्छ । यस्तो अवस्थामा खाँडोको अन्तिम गन्तव्य तिलाठी नै हो । बाढीको पानी पनि सबैभन्दा बढी तिलाठीमै जम्ने गर्दछ । हरेक वर्ष तिलाठी डुवान पर्नुको कारण पनि खाँडो नदी नै हो । यसप्रति सम्बन्धित निकायको चासो गएको देखिदैन् ।

तसर्थ विभिन्न नदी, खोलाको मर्मत सम्भार र उचित सरसफाई प्रति गम्भिर रुपमा सरोकारवाला निकायको ध्यान पुग्नुका साथै स्थानियस्तरबाट पनि जनदबाब सृजना गर्नु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# ऊर्जामन्त्रीकै फाइल आठ महिनासम्म रोकिएपछि...

**रमेश लम्साल**
काठमाडौं, १७ साउन (रासस) ।

एउटा सरकारी निकायले अर्को सरकारी निकायलाई पठाएको कागजातको जानकारी वा निर्णय भए/नभएका बारेमा के कति समयमा विवरण प्राप्त होला ? आम मानिसको जिज्ञासाको विषय हो यो । यसको सामान्य जवाफ हुने गर्छ बढीमा सात दिन ?

एउटा मन्त्रालयले अर्को मन्त्रालयमा सहमति वा आवश्यक निर्णय प्रक्रियाका लागि पठाएको कागजात सातदेखि आठ महिनासम्म अड्कियो वा त्यस विषयमा निर्णय नै भएन भने त्यसको प्रभाव कस्तो पर्ला ? असर पक्कै पनि गम्भीर पर्छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा मंगलबार आयोजित आव २०७८/७९ को चौथो त्रैमासिक एवम् वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा यस्तै, गुनासो र हैरानी प्रस्तुत गरिएको थियो ।

त्यो गुनासो गर्ने अरू कोही नभएर ऊर्जामन्त्री पम्फा भुसाल नै हुनुहुन्थ्यो । आवश्यक निर्णयका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका पठाएको कागजात लामो समयसम्म रोकिँदा मन्त्रालयको कार्यप्रगतिमा नै व्यवधान खडा भएको उहाँले गुनासो गर्नुभयो ।

सरकारी निकायका बीच एकापसमा समन्वय हुनुपर्नेमा त्यसो हुन सकेको छैन । कर्मचारी प्रशासनले कतिपय अवस्थामा जोखिम लिएर निर्णय गर्ने क्षमताको विकास हुन सकेको छैन । जोखिम देख्ने बित्तिकै फाइल रोकेर राख्ने वा राजनीतिक नेतृत्वलाई देखाइदिने प्रवृत्ति पनि उत्तिकै छ ।

यही समस्याबारे ऊर्जामन्त्री भुसालले मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा जानकारी गराउनुभएको हो । उहाँले भन्नुभयो, "कुनै पनि फाइलको निर्णय कति समय हुनुपर्ने हो, त्यसको कुनै ठेगान नै भएन । कति दिनमा टुङ्गो लगाउनुपर्ने हो, त्यसबारेमा स्पष्ट व्यवस्था हुनुपर्छ ।" उहाँले आफूले आवश्यक निर्णयका लागि अर्थ मन्त्रालयमा पठाएको फाइल आठ महिनाभन्दा बढी समय रोकिएको जानकारी दिनुभयो ।

यस्तै, राष्ट्रिय योजना आयोगमा पठाइएको अर्को एक फाइल पनि आठ महिनासम्म नै रोकिएको उहाँको गुनासो थियो । कति समयभित्र के कति कारणले रोकिएको हो भन्नेबारे स्पष्ट निर्णय हुने व्यवस्था गरिनुपर्ने उहाँको भनाइ छ ।

उहाँले कुन आयोजनाको कस्तो प्रकृतिको फाइला त्यत्रो समय रोकिएको हो भन्ने बारेमा भने केही बताउनुभएन ।

विकासे मन्त्रालयको गतिविधिका बारेमा हेर्ने अर्थ मन्त्रालयमा प्राविधिक कर्मचारी नहुँदासमेत समस्या खडा भएको उहाँको भनाइ छ । "मेरो विचारमा त अर्थ मन्त्रालयमा कम्तीमा एकजना प्राविधिक सचिव नै भए राम्रो हुन्छ । यदि त्यसो नहुने हो भने पनि सहसचिवको व्यवस्था गरेर भए पनि समस्याको समाधान गरिनुपर्छ ।"

हरेक महिना १० प्रतिशतका दरले विकास बजेटको खर्च गर्ने भन्ने विषय प्राविधिक रूपमा अमिल्दो भएको उहाँको भनाइ छ । सार्वजनिक खरिद प्रणालीअनुसार बोलपत्रका लागि ४५ दिन र अन्य प्रक्रिया पुऱ्याउन थप एक महिना लाग्ने भएकाले मासिक रूपमा १० प्रतिशत खर्च गर भन्ने विषय वस्तुवादी नभएको उहाँको भनाइ छ ।

ठूलो मेहनत गरेर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले आव २०७८/७९ मा वित्तीय प्रगति ७६.६६ प्रतिशत र भौतिक प्रगति ८० प्रतिशत बराबर गराउन सफल भएको उहाँको भनाइ छ ।

सो आवमा मन्त्रालयको कूल वार्षिक बजेट रु एक खर्ब तीन अर्ब ८० करोड ८१ लाख रहेकामा कूल रु ७९ अर्ब ५४ करोड ४५ लाख बराबर खर्च भएको छ । ऊर्जातर्फ रु ७२ अर्ब ९८ करोड ४५ लाख बजेट विनियोजन भएकामा रु ५४ अर्ब ५९ करोड ४३ लाख खर्च भएको छ । त्यो भनेको वित्तीयतर्फ ७५ प्रतिशत र भौतिकतर्फ ७७ प्रतिशतको प्रगति हो ।

यस्तै, जलस्रोत र सिँचाइतर्फ रु ३० अर्ब ८२ करोड ३६ लाख बजेट विनियोजन भएकामा रु २४ अर्ब ९५ करोड दुई लाख खर्च भएको छ । त्यो भनेको वित्तीयतर्फ ८१ प्रतिशत र भौतिकतर्फ ८७.९३ प्रतिशत बराबरको प्रगति हो ।

मन्त्री भुसालले प्रतिस्थापन विधेयक आएपछि मन्त्रालयले गतिमा काम गरेको जानकारी दिँदै नौ महिनाको अवधिमा भएको प्रगतिका सन्दर्भमा प्रसन्नता व्यक्त गर्नुभयो ।

"जे जति काम भएका छन्, त्यसमा म खुसी नै छु । अझै धेरै राम्रो गर्न सकिन्थ्यो भन्ने लागेको छ । बितेको वर्षबाट शिक्षा लिएर चालु आवमा थप प्रगति हुने गरी काम गर्न सबैलाई म आग्रह गर्दछु", मन्त्री भुसालले भन्नुभयो ।

**आयोजना मर्मतका लागि विशेष कोष**

उहाँले अर्बौं लगानी भएको परियोजनामा मर्मतका लागि कुनै पनि स्रोतको व्यवस्था नहुँदा समस्या देखिएको बताउनुभयो । उहाँले त्यसका लागि अर्थ मन्त्रालयले नै एउटा विशेष कोषको प्रबन्ध गर्नुपर्ने बताउनुभयो ।

"ठूलो मात्रामा लगानी भएको परियोजनाको मर्मतका लागि बजेटको अभाव हुँदा आयोजना रुग्ण हुने अवस्था देखापरेको छ । मर्मतका लागि निश्चित बजेटको प्रबन्ध गरौँ र विशेष कोष बनाएर त्यस्तो बजेट राख्दा फ्रिज हुने सम्भावना पनि रहँदैन", उहाँले भन्नुभयो । उहाँले खर्चका लागि पनि विशेष प्रबन्ध हुनुपर्ने बताउनुभयो ।

एक शताब्दीअघि निर्माण भएको चन्द्रनहर मर्मतका लागि बजेटको अभाव देखिएपछि मन्त्रालयकै पहलमा जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) मार्फत मर्मत गर्न लागिएको सोही अवसरमा जानकारी दिइयो ।

राष्ट्रिय योजना आयोगका सदस्य सुरेन्द्रलाभ कर्णले कम प्रगति भएका आयोजनामा देखिएको समस्या समाधानका लागि पहल गर्नुपर्ने बताउनुभयो । "प्रगति भएका र देखिएका आयोजनाले आगामी दिनमा अझै राम्रो गरौँ । कम प्रगति भएका आयोजनामा किन त्यस्तो भयो भनेर समाधानका उपाय खोजौँ र उपचार गरौँ", उहाँले भन्नुभयो ।

ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले गत आवमा मन्त्रालय मातहतका निकायले गरेको प्रगति सन्तोषजनक रहेको भन्दै समस्या देखिएका क्षेत्र र विषयमा समाधानका लागि पनि उत्तिकै पहल भएको बताउनुभयो ।

उहाँले ऊर्जा क्षेत्रले राष्ट्रिय अर्थतन्त्रको विकास र विस्तारमा योगदान दिने भएकाले मन खोलेर लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कृषि र ऊर्जा क्षेत्र आयात प्रतिस्थापन गर्ने र निर्यात गर्ने सामग्रीसमेत भएकाले यसमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

जलस्रोत सचिव सागरकुमार राईले निरन्तर प्रयासका कारण सिँचाइका क्षेत्रमा उल्लेख्य प्रगति भएको विवरण पेस गर्नुभयो । उहाँले त्यसका लागि मन्त्रालय र मातहतका सबै निकायलाई धन्यवादसमेत दिनुभयो ।

जल तथा ऊर्जा आयोगका सचिव दिनेशकुमार घिमिरेले वर्षदिनभर काम हुने भए पनि विभिन्न प्राविधिक कारणले भुक्तानी आर्थिक वर्षको अन्त्यमा हुने भएकाले अघिल्ला महिनाहरूमा प्रगति कम देखिने गरेको तथ्य पेस गर्नुभयो । आयोगले चालु आवका लागि विभिन्न १६ परियोजना अगाडि बढाउन लागेको र गत आवमा अपेक्षित नतिजा हासिल भएको जानकारी दिनुभयो ।

### *नागरिकता बिना ...*

मुढीयारी, रोहित साह, कृष्णकुमार महतो, हाङ-ओ-हाङ राई, सरस्वती अधिकारी र सुदिप पटेलले मनछुने अभिनय गरेका थिए ।

तराई मधेशमा ढक्कीमै राखेर नागरिकता बिक्रि बितरण हुन्छ भन्ने सोचलाई चिर्दै बास्तविकता अर्कै रहेको र ढकीया रित्तै रहेको देखाउने प्रयासस्वरुप उक्त नाटक प्रदर्शन गरिएको नाटकका लेखक एवं निर्देशक समेत रहेकी सरिता साहले बताइन् ।

गलत प्रचारबाजी र तराई मधेशमा नागरिकता नपाउँदा देखिएको दयनिय र भयावह अवस्था बारे सरोकारवालाको ध्यानाकर्षण गराउन र सोच परिवर्तन गर्न यस्तो सन्देशमूलक नाटक प्रदर्शनमा ल्याएको उनको भनाई छ ।

हाल नागरिकता संशोधन सम्बन्धी विधेयक प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भई प्रमाणिकरणका लागि राष्ट्रपतिसमक्ष पुगेको अवस्था छ । राष्ट्रपतिबाट प्रमाणिकरण भएसँगै उक्त विधेयक कानुनको रुपमा लागु हुने र आफूहरुले नाटक मञ्चनमार्फत उठाएका पीडाहरुको धेरै हदसम्म सम्बोधन हुने आयोजक संस्थाको विश्वास छ ।

राष्ट्रपतिबाट प्रमाणिकरण भएपछि जन्मसिद्धका सन्तानले बंशजको नागरिकता लिने बाटो खुल्ने छ भने नेपाली नागरिकसित विवाह गर्ने विदेशी महिलालाई बैवाहिक अंगिकृत नागरिकता लिन पनि कुनै कठिनाई नहुने कार्यक्रममा सहभागिहरुको भनाई छ ।

दलित सरोकार मञ्च सप्तरीको विशेष पहलमा आयोजना गरिएको उक्त कार्यक्रम युरोपियन युनियनको आर्थिक सहयोगमा तयार गरिएको आसमान नेपालका कार्यक्रम व्यवस्थापक बिजयकुमार यादवले जानकारी दिए ।

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# किसानलाइ छिटो मल उपलब्ध गराउन सांसदको माग

काठमाडौं, १७ साउन (रासस)। प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले किसानलाई जतिसक्दो चाँडो मल उपलब्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउनुभएको छ। बैठकमा विशेष समयमा बोल्दै नेपाली कांग्रेसका डा डिला सङ्ग्रौलाले भन्नुभयो, "अहिलेसम्म पनि किसानले मल पाउन सकेका छैनन्, कतिपय ठाउँमा कालोबजारी छ, सरकारले मल पाउने आश्वासन मात्रै दिँदै आएको छ, किसानले भोग्नु परेको समस्या समाधानको लागि ध्यानाकर्षण गराउन चाहन्छु।"

भारतसँगको जिटुजी सम्झौताको प्रक्रियाको अन्योलका नाममा हालसम्म मल आपूर्ति नभएकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो। सार्वजनिक खरिद ऐनले गरेको व्यवस्थाअनुसार सम्झौता भएको ३० दिनपछि मात्रै आपूर्ति सुरु गर्ने व्यवस्था भएकाले यसलाई परिवर्तन गरेर अन्तर्राष्ट्रिय व्यवस्थाअनुसार आठ दिनमा आपूर्ति सुरु गर्ने व्यवस्था गरेमा समयमा मल ल्याउन सकिने सरकारी अधिकारीको भनाइ छ।

सांसद संग्रौलाले प्रश्न गर्नुभयो, "यदि त्यसो हो भने संसद् चलिरहेको छ, सार्वजनिक खरिद ऐन संशोधन गर्न के ले रोकेको छ? के नयाँ चुनाव भएपछि मात्रै संशोधन गर्ने हो? कि, अरु कुनै कारण छ, जवाफ चाहियो। मलको अभावमा देशभित्रै प्राङ्गारिक मल उत्पादन गर्ने हाम्रो योजना खोइ? रासायनिक मल उत्पादन गर्ने कारखाना खोल्ने हो भने त्यसको योजना खै?"

गतवर्ष सप्तरीका किसानले रासायनिक मलका लागि आन्दोलन गरेका थिए। गत असारमा धादिङका किसानले दुई ट्रक रासायनिक मल सडकमै खोसेका थिए। गत साता मात्रै सरकारले भारत सरकारसँग पाँच वर्षका लागि करिब नौ लाख मेट्रिकटन रासायनिक मल खरिद गर्ने सम्झौता गरेको थियो।

बैठकमा नेकपा (माओवादी केन्द्र) का अमनलाल मोदीले भारतीय आयल निगमले पेट्रोलियम पदार्थको समायोजनको निम्ति दुई पटकसम्म पत्र पठाउँदासमेत सरकारले ध्यान नदिएकामा चिन्ता व्यक्त गर्नुभयो। नेकपा (एमाले) का झपटबहादुर रावलले कैलाली जिल्लाका विभिन्न जङ्गलमा रहेका बाघको व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। एमालेका दलबहादुर रानाले भूउपयोग ऐन कार्यान्वयनको माग गर्नुभयो। सांसद केदार सिग्देलले वर्तमान सरकारले सुकुम्वासी र अव्यवस्थित बसोबासको समस्यामा गम्भीर नभएको बन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले भन्नुभयो,"आश्वसन होइन, जनताले लालपूर्जा खोजेका हुन, सुकुम्वासी आयोगको ध्यान त्यतातिर केन्द्रीत होस्, यथाशीघ्र सुकुम्वासी र अव्यवस्थित बसोबासलाई लालपुर्जा वितरण गराउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहान्छु।"

# आयातकर्तालाई १० करोड जरिवाना

वीरगञ्ज, १७ साउन (रासस)। दुबईबाट खाद्यन्न सामग्री (मुङको दाल) भनेर ल्याइएको कन्टेनरमा विदेशी ब्रान्डका चुरोट बरामद भएको घटना प्रकरणमा भन्सार कार्यालयले आयातकर्ता कम्पनी कालिका इन्टरप्राइजेज प्रालिलाई रु १० करोड ७२ लाख जरिवाना तोकेको छ। दुबईबाट भारतसम्म पानी जहाजमा र भारतको कोलकोत्ताबाट रेलमार्ग हुँदै मुङको दाल भनेर सुक्खा बन्दरगाहमा वीरगञ्जसम्म ल्याइएको (जीइएसयू ५०४८०३४५ जी१) नम्बरको कन्टेनरमा गत जेठ १३ मा शङ्का लागि जाँच गर्दा उक्त ठूलो परिमाणमा विदेशी ब्रान्डको चुरोट फेला परेको थियो।

दालको कन्टेनरभित्र चुरोट आयात गर्ने कम्पनी काठमाडौँ टोखाको कालिका इन्टरप्राइजेज प्रालिका सञ्चालक काठमाडौँ टोखाका नवराज गिरीलाई भन्सार ऐन अनुसार नक्कली मालसामान घोषणा गरेबापत बिगो जरिवाना रु रु१० करोड ७२ लाख जरिवाना तोकिएको भन्सार कार्यालयका सूचना अधिकारी सन्तोष न्यौपानेले जानकारी दिनुभयो।

कन्टेनर जाँच्दा २६ हजार छ सय दश किलो दाल घोषणा गरिएको कन्टेनरमा १४ हजार आठ सय २५ किलो मात्र दाल थियो। यसबाहेक ५८ लाख ३८ हजार चार सय खिल्लीका चार सय कार्टुन विदेशी चुरोट भएको फेला परेको थियो। उक्त बिगो जरिवाना बापतको रकम तिरेपछि सो कम्पनीले माल लैजान पाउने कार्यालयले जनाएको छ। अन्यथा कानुन बमोजिम कारबाही प्रक्रिया अघि बढ्नेछ। कार्यालयका अनुसार बन्दरगाह नाकामा विभिन्न मालसामान भित्र्याउने तीन वटा फरक-फरक रङको लेन हुन्छ। उक्त कन्टेनर पहेँलो लेनबाट आएको थियो।

कन्टेनरको अगाडि र पछाडिको भागमा मुङ दालको बोरा र बीचमा भने चुरोटका कार्टुन राखेको भेटिएको थियो। कन्टेनरबाट इन्डोनेसियन ब्रान्ड गुडाङ गरम र बेलायती ब्रान्ड मोन्ड भेरियन्सका चुरोट फेला परेको थियो।

भन्सार ऐनको दफा ५७ अनुसार घोषणा गरिएको वस्तु र परिमाण फरक भेटिएकोले नियमानुसार बिगो जरिवाना गरिएको र नियमानुसार कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयका अनुसन्धान अधिकृत भूपेन्द्र कार्कीले जानकारी दिनुभयो। यसरी जरिवाना गरिएपछि भन्सार कार्यालयले कम्पनी सञ्चालक गिरी (धादिङ) र भन्सार एजेन्ट नीरञ्जन घिमिरे (मकवानपुर) लाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्राचार गरिसकेको छ। उनीहरूलाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यलयमा लेखिपठाइएको पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिनुभयो।

# त्रिभुवन राजपथबाट रात्रि सेवाको बस सञ्चालनमा रोक

मकवानपुर, १७ साउन (रासस)। लगातार परेको वर्षासँगै आएको पहिराका कारण चितवन-मुग्लिन सडकखण्ड अवरुद्ध भएपछि पूर्वबाट काठमाडौँतर्फ जाने रात्रि सेवाको बसलाई त्रिभुवन राजपथबाट काठमाडौँतर्फ जान अनुमति नदिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले आज जनाएको छ।

राजपथको मोड साँघुरो भएका कारण यात्रुको सुरक्षालाई मध्यनजर गर्दै मुग्लिन सडक सञ्चालनमा नआएसम्म हेटौँडामा नै प्रतिक्षा लाममा राख्ने व्यवस्था मिलाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिनुभयो।

उहाँले पूर्व र पश्चिमबाट दिवा सेवामा आएका बसलाई आवश्यकता हेरी करिब ३५ बस त्रिभुवन राजपथ हुँदै काठमाडौँतर्फ जान अनुमति दिएको बताउनुभयो। प्रवक्ता कार्कीले धादिङको नौबिसेको प्रहरीले काठमाडौँबाट आज बिहान पूर्व र पश्चिमतर्फ जान छुटेका बसलाई त्रिभुवन राजपथबाट यातायात सञ्चालनमा आउन निषेध गरिएको र काठमाडौँबाट आएको मिनी ट्रक, ट्रक, पालुङबाट हेटौँडा आउने सवारी साधनलाई मात्रै सञ्चालन ल्याउन अनुमति दिएको बताउनुभयो।

# मुख्यमन्त्री राईलाई कोभिड संक्रमण

विराटनगर, १७ साउन (रासस)। प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राई कोभिड-१९ बाट सङ्क्रमित हुनुभएको छ।

मुख्यमन्त्री राईका प्रेस सल्लाहकार बन्धु पोखरेलका अनुसार मुख्यमन्त्रीसहित उहाँका परिवारका सदस्यहरू, सचिवालयका सदस्यहरू, निवासका सुरक्षाकर्मी, कर्मचारीहरूलगायत १६ जनाको सोमबार पिसिआर परीक्षण गर्दा मुख्यमन्त्री राईसहित तीनजनामा कोभिड सङ्क्रमण देखिएको हो।

पिसिआर परीक्षण गर्दा मुख्यमन्त्री राईकी पत्नी शोभा पाठक र राजनीतिक सल्लाहकार जीवन राईसहित तीन जनामा कोभिड पोजेटिभ देखिएको छ।

उहाँहरू सबै जनाको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको छ। कोभिड सङ्क्रमणका कारण मुख्यमन्त्री राईले भेटघाटलगायत सबै कार्यक्रम हाललाई स्थगित गर्नुभएको जानकारी दिइएको छ।


डा. आदर्श कुमार सिंह

Dr. Adarsh Kumar Singh

MBBS, MD TU

NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### अल कायदाका नेता जवाहिरी अमेरिकी फौजको कारबाहीमा मारिए

वासिङटन, १७ साउन (रासस/सिन्हवा)। आतङ्कवादी संस्था अल कायदाका नेता आइमन अल जवाहिरी अफगानिस्तानमा मारिएका छन्।

अमेरिकी सेनाको हवाई कारबाहीमा उनी मारिएका अमेरिकाका विभिन्न मिडियाले सोमबार जानकारी दिएका छन्।

ती मिडियाका अनुसार सोमबार अफगानिस्तानमा ड्रोनबाट गरिएको आक्रमणबाट ती अल कायदाका नेता मारिएका हुन्।

यस विषयमा ह्वाइट हाउसले सुरुमै केही सूचना दिएको छैन। अमेरिकी राष्ट्रपति जो बाइडेनले यस विषयको जानकारी दिनुहुने बताइएको छ।

जवाहिरी अल कायदा संगठनका नेता थिए। उनी सन् २०११ मा सो संगठनका नेता छानिएका थिए। अल कायदाका तत्कालीन नेता ओसामा बिन लादेन सन् २०११ मा मारिएका थिए। अमेरिकी सेनाको कारबाहीमा लादेन मारिएपछि त्यसको दुई महिना पछि सो संगठनको नेता जवाहिरि चयन भएका थिए।

यसैबीच अर्को एक समाचारमा अल कायदाका नेता आइमन अल जवाहिरी मारिएको समाचारको अमेरिकी राष्ट्रपति जो बाइडेनले पुष्टि गर्नुभएको छ।

राष्ट्रपति बाइडेनले सोमबार राति दिनुभएको एक सन्देशमा अल कायदाका नेता जवाहिरीको अमेरिकी सेनाको कारबाहीमा मारिएको बताउनुभएको हो।

उहाँले अमेरिकाको प्रति आतङ्कवादी कारबाही अन्तर्गत अमेरिकाको कारबाहीमा आतङ्कवादी सङ्गठनका नेता जवाहिरि मारिएको पुष्टि गर्नुभएको हो।

### भारतमा कोरोना संक्रमण घट्दै

नयाँदिल्ली, १७ साउन (रासस/सिन्ह्वा)। बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमितको सङ्ख्या १३ हजार सात सय ३४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जनाएको छ।

देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाख ५० हजार नौ पुगेको छ। हिजो सोमबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा १६ हजार ४६४ जना सङ्क्रमित भएका थिए। देशभर एक लाख ३९ हजार सात सय ९२ सक्रिय सङ्क्रमित छन्।

यसैगरी १७ हजार आठ सय ९७ सङ्क्रमणमुक्त भएका छन्। योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३३ लाख ८३ हजार सात सय ८७ पुगेको छ।

कोरोना सङ्क्रमणबाट ३४ जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट पाँच लाख २६ हजार चार सय ३० जनाको मृत्यु भएको छ।

महामारी सुरु भएयता ८७ करोड ७५ लाखभन्दा बढीको परीक्षण गरिएको छ। सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ। अभियानअन्तर्गत हालसम्म दुई अर्ब चार करोड ६० लाख ८१ हजार ८१ मात्रा खोप लगाइएको छ।

### कोरियामा एकैदिन एकलाख एघार हजारभन्दा बढी संक्रमित

सोल, १७ साउन (सिन्ह्वा)। दक्षिण कोरियामा २४ घण्टाको समयावधि अर्थात् सोमबार मध्यरातसम्म एक लाख ११ हजार सात सय ८९ जनामा कोभिड-१९ सङ्क्रमण पुष्टि भएको छ।

यसैसँगै यहाँका कूल सङ्क्रमितको सङ्ख्या एक करोड ९९ लाख ३२ हजार चार सय ३९ पुगेको स्वास्थ्य अधिकारीले शुक्रबार बताएका छन्।

अघिल्लो दिनको तुलना कोभिड सङ्क्रमण धेरै बढेको पाइएको छ। अघिल्लो दिन ४४ हजार छ सय ८९ जना एक दिनका सङ्क्रमित रहेका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी जानकारी दिएको थियो।

नयाँ केसहरूमध्ये, पाँच सय ६८ जना आयातीत रहेको जनाइएको छ। यद्यपि ४५ हजार तीन सय ५ जना कोरोनामुक्त भएका छन्।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या २८२ पुगेको छ। यस अवधिमा थप १६ जनाको मृत्यु भएपछि कोरोना शुरुभएवाट हालसम्म कूल मृतक सङ्ख्या २५ हजार ८४ पुगेको छ। कूल मृत्युदर ०.१३ प्रतिशत रहेको छ।

# मधेश प्रदेश सरकारद्वारा २३ उद्योग पुरस्कृत




**दैनिक समाचारदाता**
**बारा, १७ साउन ।**

मधेश प्रदेशको आर्थिक वृद्धिमा महत्वपूर्ण योगदान दिने २३ उद्योगलाई प्रदेश सरकारले पुरस्कृत गरेको छ ।

मधेश प्रदेश सरकारले प्रदेशको आर्थिक वृद्धिमा भएको प्रगतिको पुनरावलोकन र अगामी सुधारको कार्यहरू बारे छलफल गर्न आयोजना गरेको औद्योगिक सम्मेलनमा उक्त पुरस्कार प्रदान गरिएको हो ।

मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा सोमबार साँझ शुभारम्भ भएको मधेश प्रदेश औद्योगिक सम्मेलनमा प्रदेशमा रोजगार उपलब्ध गराउनुका साथै आर्थिक वृद्धिमा योगदान पुऱ्याउने २३ उद्योगलाई प्रदेश सरकारले पुरस्कृत गरेको छन ।

रोजगारी, सर्वोत्कृष्ट कर, कृषि र प्रविधिको क्षेत्रमा योगदान पुर्याएका उद्योगहरू लाई पुरस्कृत गर्दै मुख्यमन्त्री राउतले आर्थिक समृद्धिका साथै बेरोजगारी समस्या समाधान मा उद्योग क्षेत्रको योगदानको प्रशंसा गरे ।

पुरस्कृत हुने उद्योगहरूमा त्रिवेणी स्पिनिङ, जय स्पिनिङ, एन पि ड्रग्स, गणपति बनस्पति, अन्नपूर्ण भेजेटेबल, नारायणी भेजेटेबल, सुर्या नेपाल, डाबर नेपाल, हिमालयन डिस्टिलरी, मारुती सिमेन्ट, निम्बस ग्रुप, इन्दुशंकर चिनी उद्योग, कुश एग्रो इन्टरप्राइजेज, ओम शिव पेज, हुलास स्टिल, शिबशक्ती म्यानुफेक्चरिङ, आर सि ब्याट्री, महालक्ष्मी सोलमेन्ट एण्ड रिफाइनरी, वर्डलिङ्क, ईन्टरनेट मार्केटिङ टुडे, जानकी टेक्नोलोजी, सालिमार ग्रुप र जगदम्बा सिमेन्ट छन ।

सीप परियोजनाको सहकार्यमा जारी सम्मेलनमा प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री विजय यादव, उद्योग पर्यटन तथा वन मन्त्री सत्रुधन महतो, बेलायती राजदुत निकोला पोलिट, प्रमुख सचिव कृष्णबहादुर राउत सहित प्रदेशका करिव सय जना उद्योगपतिहरुको सहभागिता रहेको छ ।

बुधबार सम्म चल्ने सम्मेलनमा आर्थिक वृद्धिका लागि अगामी दिनमा चाल्नुपर्ने कदमहरु बारे समुहगत तथा सामुहिक छलफल गरिने जनाईएको छ ।

## *संक्रमित बढ्दै ...*

नेपालमा हालसम्म दुई करोड १५ लाख ६३ हजार ६ सय ५३ ले खोपको पहिलो मात्रा, दुई करोड पाँच लाख ९२ हजार ४१६ ले खोपको पूर्ण मात्रा र ७२ लाख ७८ हजार ५ सय ५७ ले अतिरिक्त मात्रा लगाएको मन्त्रालयले जनाएको छ ।

# लोसपालाई पनि सरकारमा सहभागि गराउने तयारी

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ साउन ।**

प्रधानमन्त्री शेरबहादुर देउवाले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) लाई पनि सरकारमा सहभागी गराउने तयारी गरेका छन् ।

सरकारले संसदबाट नागरिकता ऐन पारित गराएपछि लोसपा सरकारमा जान सकारात्मक भएको हो । लोसपा अध्यक्ष महन्थ ठाकुर निकट एक नेताका अनुसार सरकारमा सहभागी हुने सैद्धान्तिक सहमति बनेको छ । 'सरकारमा जाने भन्ने भइसकेको छ । आज/भोलिमा नै जाने भनी ठ्याक्कै भन्ने अवस्था छैन', उनले भने, 'हामीले उठाएको प्रमुख मुद्दा नागरिकता विधेयक हो । राष्ट्रपतिबाट प्रमाणीकरण हुने चरणमा छ ।

'लोसपाले सरकारमा जानका लागि नागरिकता विधेयक पारित, कार्यकर्तालाई लगाइएको झुटा मुद्दा फिर्ता लगायतको शर्त राखेको थियो । 'महोत्तरी र कैलालीको टीकापुरमा लोसपाका नेता कार्यकर्तालाई झुटा मुद्धा लगाएर थुनामा छन् । सर्वोच्चमा विचाराधीन रहेकालाई केही गर्न सकिने भएन', लोसपा नेता भन्छन्,'फिर्ता लिन सकिने मुद्धाहरुका बारेमा प्रधानमन्त्रीसँग छलफल भइरहेको छ ।'लोसपाले सरकारमा सहभागी हुनका लागि कम्तीमा दुई मन्त्रालयको माग गरेको छ । थप एक राज्यमन्त्री पनि लोसपाको माग छ ।

प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद्का सदस्यहरुको जिम्मेवारी हेरफेर गर्ने जानकारी पनि आफ्नो पार्टीलाई दिएको उनले बताए । प्रधानमन्त्री देउवाले सक्रियता जति छिटो देखाउन सके त्यति नै छिटो लोसपा सरकारमा सहभागी हुने लोसपाका नेताहरुको भनाइ रहेको एबिसी न्युजले जनाएको छ ।

# ६ लाख घुससहित उपसचिव पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ साउन ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका उपसचिव प्रमोद नेपाललाई घुस सहित रंगेहात पक्राउ गरेको छ ।

उनलाई नक्साल नागपोखरीको एक होटलबाट ६ लाख घुस रकमसहित पक्राउ गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले बताएका छन् ।

पर्यटन व्यवसाय दर्ताका लागि घुस मागेको आरोपमा उनीविरुद्ध अख्तियारमा उजुरी परेको थियो । उजुरीपछि अख्तियारको टोलीले उनलाई घुस सहित पक्राउ गरेकोहो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**


## सूचना ! सूचना ! सूचना

माँ बैष्णवी काली सेवा समितिको मिति २०७९/०४/०४ को निर्णय अनुसार यहि मिति २०७९/०४/२१ गते शनिवार बिहान १०:३० देखी साधारण सभा हूने भएकोले सम्पूर्ण आजिवन सदस्यहरुलाई निम्न स्थानमा उपस्थितिको लागि विनम्र आग्रह छ ।

**स्थान**
हाेटल आई गार्डेनको
सभा हल, राजविराज

**भवदीय**
मनोज कुमार मुन्धडा
अध्यक्ष तथा
माँ बैष्णवी सेवा समिति परिवार
राजविराज, सप्तरी


## सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं।

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- इन्टेक (मुल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित रुपमा सफा गरौं।
- घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## पेनशन पट्टा हराएको सुचना

सप्तरीको खडक नगरपालिका कल्याणपुर-११ बनौली बस्ने विश्वनाथ चौधरीको अधिकार पत्र नं. २०२३५६४ संकेत नं. १०९८६१ को निवृत्त भरण अधिकार पत्र मिती २०७९/४/६ गते कल्याणपुरदेखी कठौना साइकलवाट जाँदै गर्दा बाटोमा हराएको हुदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा सम्बन्धित व्यक्तिलाई बुझाइ दिनहुन सादर अनुरोध छ ।

विश्वनाथ चौधरी
खडक नगरपालिका ११ बनौली
नि.अ.प.न.२०२३५६४
सं.नं. १०९८६१
ना.प्र.नं. १६-०६-७८-०२९०१


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · CITY EXPRESS Money Transfer · Best Remit · prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*